स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापाले पहिलो सन्तानलाई जन्म दिँदैछिन् । गत वर्ष प्रेमी बलराम शाहीसँग विवाह गरेकी उनी आमा बन्न लागेकी हुन् । आगामी फागुन–चैतलाई चिकित्सकले डेलिभरी डेट तोकेका छन् । अहिले रेखाको गर्भमा चार महिनाको शिशु हुर्किरहेको छ । गर्भवती भए पनि रेखा अहिले होम प्रोडक्सन फिल्म 'उपहार'को छायांकन धमाधम गरिरहेकी छन् । निर्देशक ज्ञानेन्द्र देउजाले गर्भवती रेखाको एक्सन दृश्यको छायांकन गरिरहेका छन् ।

आजको विचार...



जगन्नाथ पन्त

स्थानीय...

(दुई पेजमा)



अभिनेता दयाहाङ राईले फिल्म 'डिग्री माइला'को छायांकन सेट 'ज्वाइन' गरेका छन् । शुक्रबारदेखि छायांकन सुरु भएको फिल्मको सेटमा मंगलबार दयाहाङ पुगेका हुन् । ओखलढुंगाको रुम्जाटारमा फिल्म छायांकन भइरहेको छ । मंगलबार राति दयाहाङको भागका दृश्य छायांकन भएको निर्देशक रामबाबु गुरुङले जानकारी दिए । आँचल शर्मा र बुद्धि तामाङ पहिलो दिनदेखि नै छायांकनमा छन् । पहिलो चरणको छायांकन १५ दिन चल्नेछ । त्यसपछि चिसो मौसमको खिच्नुपर्ने भएकाले मंसिरदेखि मात्र दोस्रो चरण सुरु हुनेछ ।

❐ वर्ष २९ ❐ अंक ७३ ❐ २०८० असोज ११ गते बिहीबार 28 September 2023, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### विवाह समारोहमा आगो लाग्दा एक सयको मृत्यु

(रासस/एएफपी)


**कराकोश (इराक),** असोज १०/ उत्तरी इराकी सहर काराकोशमा एउटा विवाह समारोह भइरेहको स्थानमा आगलागी हुँदा एक सय जनाको मृत्यु भएको छ भने एक सय ५० भन्दा बढी घाइते भएका अधिकारीहरूले बुधबार बिहान जानकारी दिएका छन् । मोसुलको पूर्वमा रहेको इशाई धर्मावलम्बीको बाहुलता रहेको शहरको मुख्य अस्पतालमा एएफपीका फोटोग्राफरले एम्बुलेन्सले जलेका मानिस ल्याएको देखेका तथा उनीहरूलाई रक्तदान गर्न अस्पतालको आँगनमा कैयौं मानिस भेला भएको बताएका छन् । अत्यधिक ज्वलनशील पदार्थले सखाप पार्ने कम गुणस्तरको निर्माण सामग्रीले बनेको विवाह समारोह आयोजना गरिएको हलको छत नै खस्दा यति धेरै मानिसले ज्यान गुमाएका अधिकारीहरूले बताएका छन् । इराकको आधिकारिक समाचार समितिले निनेवेह प्रान्तका स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै हमदानियाहमा विवाह समारोह भइरहेको एउटा हलमा भएको आगलागीमा एक सय जनाको मृत्यु तथा एक सय ५० भन्दा बढी घाइते भएका जनाएको छ ।

# निस्दीमा तीन जोडीको बालविवाह रद्द, एक जोडी फरार

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १०/विवाह गरेको एक दिनमै यहाँका तीन जोडीको विवाह रद्द भएको छ । जिल्लाको निस्दी गाउँपालिकाका विभिन्न वडामा उमेर नपुगी विवाह गरेका तीन जोडीको विवाह रद्द भएको हो ।

४ असोज २०८० मा वडा ३ खादरको १८ वर्षीया बालिका र वडा ४ घोरमाका २१ वर्षीय युवकबीच भएको विवाह रद्द भएको छ । दुवैका आमाबुबाको मञ्जुरीमा असोज ४ गते उनीहरुको मागी विवाह भएको थियो तर विवाह भएको एक दिनमै उनीहरुको विवाह रद्द भएको हो । यस्तै सोही दिन वडा ७ ज्यामिरे चारघरेकी १६



वर्षीया बालिका र वडा ४ मित्यालका १८ वर्षीय बालकबीच भएको विवाह पनि रद्द भएको छ । गत असारमा पनि वडा ४ झ्यालटुङ्की १६ वर्षीय बालिकाको नवलपरासीका एक केटासँग बालविवाह भएको थियो । उनीहरुको पनि जनप्रतिनिधि, प्रहरीको पहलमा अभिभावकसँग समझदारी गरी विवाह रद्द गरिएको छ । अहिले ति बालिकाले कक्षा १० मा अध्ययन गर्दै आएकी छन् ।

बालिकाको उम्मेर नपुग्दै बाल विवाह गरेको भन्दै यहाँका जनप्रतिनिधि, प्रहरी र पालिकाका कर्मचारीहरुले अभिभावक र केटाकेटीको समझदारीमा ति जोडीको विवाह रद्द गरेका हुन् । वडाका जनप्रतिनिधि, प्रहरी र पालिकाका बालमैत्री स्थानीय शासन कार्यक्रमका फोकल पर्सन सहित दुवै पक्षका अभिभावकहरुको छलफलबाट विवाह रद्द गरेर ती बालबालिकालाई आफन्तको जिम्मा लगाइएको छ । उमेर नपुगी विवाह गरेका ति जोडीलाई विवाह भएको अर्को दिन नै समझदारीमा घर फर्काइएको गाउँपालिकाका बालमैत्री कार्यक्रमका फोकल पर्सन कुशमाखर पाण्डेले बताए । मगर संस्कृति अनुसार राती नै विवाह गरेर लैजाने परम्परा भएकाले विवाह भएको अर्को दिन मात्र थाहा भएको उनले बताए । उमेर नपुगी विवाह गर्नु कानुनी अपराध भएको भन्दै स्थानीयले जनप्रतिनिधिलाई जानकारी गराएपछि मात्र थाहा पाएको पाण्डेको भनाई छ । 'स्थानीय जनप्रतिनिधि र प्रहरीको रोहवरमा बालिकाहरुलाई अभिभावको जिम्मा लगाएका छौं' फोकल पर्सन पाण्डेले भने । 'अहिले दुवै जोडीको उमेर २० वर्ष पुगेको छैन । कानुनी रुपमा विवाह गर्न अझै केही वर्ष बाँकी छ । २० वर्षपछि यही जोडीले राजीखुशीमा विवाह गर्न चाहेमा विवाह गर्ने शर्तमा कागज बनाएर बाल विवाह बदर गरेका छौं ।' उमेर नपुगी हुँने बाल विवाह अझै पनि हाम्रो समाजमा भइरहेका छन् । यस्तो अपराधको अन्त्य गर्न हामी सबैको दायित्व रहेको भन्दै उमेर नपुगी विवाह भएका जोडीलाई घर फर्काएको बालमैत्री कार्यक्रमका फोकल पर्सन पाण्डेले बताए ।

**एक जोडी फरार**

यस्तै बुधबार वडा १ राउवनमा बालविवाहको तयारी गरेको एक जोडी फरार भएको छ । राउवनकी १८ वर्षीया बालिकाको विवाह हुन लागेको जानकारी पाउन साथ प्रहरी, वडाका जनप्रतिनिधि र पालिकाका कर्मचारी बालिकाको घर पुगे पनि उनीहरु त्यहाँ फेला पर्न सकेन । ति बालिकाको नवलपुरको बौद्धिकालीमा विवाह हुन लागेको जानकारी प्राप्त हुन साथ टोली उनको घर पुगे पनि त्यहाँ कोही पनि नभेटिएको वडा अध्यक्ष यमबहादुर रानाले बताए ।

उनले भने 'प्रहरी आएको थाहा पाएर हतार हतारमा विवाह गरेर लगि सकेको हुन सक्ने भएकाले हामीले नवलपुर प्रहरी प्रशासनलाई जानकारी गराई सकेका छौं ।' उनका अनुसार अहिलेसम्म कुनै पनि जानकारी प्राप्त भएको छैन । पढ्ने लेख्ने यस्तो कलिलो उमेरमा गर्ने विवाहले धेरैको शारीरिक रुपमा पनि कमजोर भएको पाइन्छ । निस्दी गाउँपालिकाले बालविवाह रोक्नका लागि गत वर्षदेखि बालमैत्री कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । बालविवाह गर्नुहुन्न भन्ने जानकारी हुँदाहुँदै र सचेत गराउँदा गराउँदै जबर्जस्ती बिहे हुने गरेका छन् । निस्दीमा जनजाति र आदिवासी समुदायमा बालविवाह प्रथा अझै कायम छ । अहिले अधिकांश बालविवाह प्रेमविवाहको रुपमा हुने गरेको छ । अभिभावकहरुले भन्दा पनि कलिलै उमेरमा आफै विवाह गर्ने प्रचलन झाँगिएको छ ।

मुलुकी अपराध संहितामा केटा वा केटीले २० वर्ष नपुगी विवाह गरेमा बालविवाह ठहरिने र त्यस्तो विवाह स्वतः बदर हुने व्यवस्था छ । यस्तै बालविवाह गराउनेलाई ३ वर्षसम्म कैद तथा ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।






## आज 'विश्व रेबिज दिवस' मनाइँदै

**पाल्पा,** असोज १०/आज सेप्टेम्बर २८ अर्थात् विश्व रेबिज दिवस । नेपालमा पनि 'एकका लागि सबै, सबैका लागि एक स्वास्थ्य' भन्ने मूल नारासहित विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदैछ ।

रेबिजविरुद्ध पहिलो पटक प्रभावकारी खोपको विकास गर्ने वैज्ञानिक लुईस पाश्चरको निधन भएको दिन सेप्टेम्बर २८ मा उनको योगदानलाई स्मरण गर्दै हरेक वर्ष रेबिज दिवस मनाउने गरिएको हो । विश्व स्वास्थ्य संगठनको विश्वव्यापी रणनीतिक योजनाले सन् २०३० सम्ममा कुकुरको टोकाइले सर्ने रेबिजबाट हुने मानव मृत्युलाई शून्यमा पुर्‍याउने लक्ष्य राखेको छ । रेबिज रोग, रेबिज लागेका कुकुर, स्याल, बिरालो लगायतका पशुको टोकाईबाट मानिस र अरु स्तनधारी प्राणीमा सर्ने प्राणघातक रोग हो । रोगका जिवाणुहरु रोगी पशुको र्‍यालमा रहने भएकाले त्यस्ता पशुले टोक्दा घाउसँगै मानिसको शरीरमा प्रवेश गरी रोग उत्पन्न गर्छन् । मानिसको शरीरमा रेबिजको भाइरस प्रवेश गरेको ३० देखि ६० दिनमा रोग देखा पर्छ । तर कम्तीमा १० दिनमै वा वर्षौंपछि पनि देखा पर्न सक्ने सम्भावना हुने चिकित्सकले बताएका छन् । रेबिज प्राणघातक रोग भएकाले रोगबाट जोगिन खोप लिनै पर्ने तथा बौलाहा पशुले टोकेको शंका लागेमा तत्काल साबुन पानीले धुने जस्ता रोकथामका उपाय अपनाउनुपर्ने चिकित्सकको सुझाव छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## औपचारिकतामै सिमित नहोस् सूचनामा पहुँच दिवस

कुनै पनि सूचना पाउने हक नागरिकको मौलिक अधिकार हो । त्यो नेपालको संविधानले नै व्यवस्था गरेको छ । सबै नागरिकको पुहँचमा सुचना पुऱ्याउने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर २८ मा अन्तर्राष्ट्रिय सूचनामा पहुँच दिवस मनाउने गरिन्छ । आज पनि विश्वभर यो दिवस मनाईंदै छ । वास्तवमा यो दिवस सुरुमा युनेस्कोले सूचनामा पहुँच दिवसका रुपमा मनाउन थालेको हो । सन् २०१५ को नोभेम्बरमा भएको युनेस्कोको साधारणसभाले यसलाई अङ्गीकार गऱ्यो र सन् २०१६ सेप्टेम्बर २८ बाट यसलाई त्यही रुपमा मनाउन थालियो । त्यसो त २००२ देखि थाहा पाउने अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको थियो । विश्वमा सूचनाका अधिकारसम्बन्धी कानुन बन्दै जाँदा यी अन्तर्राष्ट्रिय दिवसका नाममा पनि परिवर्तन हुँदै आएका छन् । सूचनामा नागरिकको पहुँच बढाउन प्रेरित गरिने दिवसका रुपमा मात्र नभई, सूचना भनेको विश्वव्यापी अधिकार हो भन्ने सन्देश दिनका लागि यो दिवसलाई मान्यता दिइएको हो ।

आजको युग सूचनाको युग हो । 'ज्ञान नै शक्ति हो' भन्ने भनाइ 'सूचना नै शक्ति हो' भन्नेमा परिवर्तित भइसकेको छ । विश्वले सूचनालाई नै ज्ञानको रूपमा आत्मसात् गरेको छ । धेरै राष्ट्रले सूचनाको हकलाई अभिव्यक्ति स्वतन्त्रताको हकसँगै अगाडि बढाएको पाइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणाले समेत सूचनाको हकलाई नैसर्गिक मानव अधिकारको रूपमा परिभाषित गरेको छ तर, सूचनाको हकको प्रयोग अपेक्षाकृत व्यापक र व्यवस्थित रुपमा भने हुन सकिरहेको छैन । सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य साकार बनाउन राज्य संवेदनशील हुनैपर्दछ । यसो भएमा नै लोकतन्त्रको सुदृढीकरण र जिम्मेवार राज्य व्यवस्थाको निर्माण हुन्छ । सूचना माग्नु र पाउनु व्यक्तिको हक हो भने सूचनाको व्यवस्थापन गर्दै सो कुराको जानकारी सर्वसाधारणमा प्रवाह गर्नु सार्वजनिक निकायको दायित्व र कर्तव्य हो । तसर्थ सूचनाको हक सम्बन्धी व्यवस्थालाई पूर्णरूपमा कार्यान्वयन गर्न सके सार्वजनिक निकायको पारदर्शिता र उत्तरदायित्व संस्थागत भई सुशासन प्रवर्द्धनमा सहयोग पुग्नेछ । तसर्थ सबै नागरिकमा सहज रुपमा सूचनाको पहुँज पुऱ्याउन सकियो भने मात्र सूचनामा पहुँच दिवस मनाउनुको सार्थकता रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित नहोला भन्न सकिदैन ।

## Opinion @ Social Network

यदि तिमी आफ्नो रहस्य शत्रुबाट जोगाउन चाहान्छौं भने
आफ्नो असल मित्रसँग पनि त्यो रहस्य नखोल ।
(रम्मा रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Ramma Rana.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्थानीय सरकारका छ वर्ष : असल र खराब कार्यहरुको लेखाजोखा



जगन्नाथ पन्त

नेपालको संविधान २०७२ आश्विन ३ गते जारी भएसँगै नेपाल राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहन गयो । यसलाई नयाँ चलन चल्तिमा राज्यको पुनर्संरचना वा नयाँ नेपाल पनि भनियो । स्थानीय तह अर्थात् स्थानीय सरकार बनेपछि गाउँ-गाउँमा सिंहदरबार भनेर लोकप्रिय नारा समेत घन्काइयो । अहिले आएर गाउँ-गाउँमा सिंहदरबार भनेको त गाउँ-गाउँमा राजाहरु पो भए । पहिले नेपालमा एउटा राजा अहिले सयौं राजा भनेर यदाकदा आलोचना गरेको पनि सुनिन थाल्यो । स्थानीय सरकारबाट कैयौं राम्रा काम पनि भएका छन् । केहि ठाउँमा बेथिति र मनपरी पनि भएका छन् । बेथिति र मनपरी घटना मिडियामा बढी प्रचार हुने भएकाले आलोचना गरिएको हुन सक्छ । अपेक्षाकृत भन्दा सुविधाा भोगि बनेकाले पनि आलोचना भएको हुन सक्छ ।

नेपालको संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँड अन्तरगत अनुसूचि ८ मा स्थानीय सरकारका एकल अधिकारका २२ वटा विषय क्षेत्रको प्रयोग संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने छ भन्ने प्रावधान छ । संविधानको धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधिनमा रहि गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने छ भनेको छ । धारा ७५ ले नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मंन्त्रिपरिषद्मा निहित हुनेछ भनेको छ । धारा १६२ ले प्रदेशको कार्यकारिणी अधिकार यो संविधान र प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्मा निहित हुने छ भनेको छ । संघीय मन्त्रिको नियुक्ति धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा र प्रदेशमन्त्रीको नियुक्ति धारा १६८ (९) बमोजिम मुख्यमन्त्रीको सिफारिसमा गर्ने व्यवस्था छ । प्रधानमन्त्री र मुख्यमन्त्रीले आफुले नियुक्त गरेका मन्त्री जुनसुकै वखत पदमुक्त पनि गर्न सक्ने व्यवस्था छ तर स्थानीय कार्यपालिकाका सबै सदस्य निर्वाचित हुने व्यवस्था छ । पालिकाका प्रमुखले कार्यपालिका सदस्यलाई नियुक्त वा हटाउन सक्दैनन् । प्रतिनिधि सभा र प्रदेश सभा जस्तो स्थानीय सभाको मध्यावधि निर्वाचनको कुनै गुञ्जायस छैन । संघ र प्रदेश जस्तो कार्यकारिणी प्रमुख फेरिन, अविश्वास वा विश्वास प्रस्तावको फेस गर्नु पर्ने कुरै छैन । कानूनी वा दैवको फन्दा बाहेक पुरै कार्यकाल निष्कट छ । संविधानले स्थानीय सरकारमा सत्ता पक्ष र प्रतिपक्षको कल्पना नै गरेको छैन । धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा हुने भनेकाले संघ र प्रदेशले स्थानीय तहलाई हेप्न, मानमर्दन गर्न सक्दैन । यस्तो कार्यकाल स्थायी र जनताको घर दैलको सरकारलाई किन जनताको भरोषा केन्द्र नबनाउने ? सोचनीय छ ।

कतिपय स्थानीय सरकारले धेरै राम्रा काम गरेका छन् । कोभिड १९ को महामारी समयमा विपद् व्यवस्थानमा स्थानीय तहले गरेको योगदान जति प्रसंशा गरे पनि कम नै हुन्छ । क्वारेनटाइन, आइसोलेसन केन्द्र व्यवस्थापन, प्रयोगशाला सञ्चालन गरी जाँच, खोप कार्यक्रम, खाद्यान्न सहयोग, यातायात सहजिकरणमा गरेका कार्य सदास्मरणीय छन् । एकीकृत दीर्घकालिन सहरी विकास योजना, स्थानीय विपत व्यवस्थापन योजना, स्थानीय जलवायू उत्थानशिल योजना, सह लगानी योजना, घर-घरमा खानेपानी धारा, खरमुक्त पक्कि छाना, फोहोरमैला व्यवस्थापन,वातावरणीय सौन्दरयीकरण, बजार अनुगमन, रोजगारीमुलक कार्यक्रम, जीविकोपार्जन कार्यक्रम, चिकित्सक र प्रयोगशाला सहितका सहरी स्वास्थ क्लिनिक, प्रजनन् स्वास्थ्यका विषय,विशेषज्ञ सहितको घुम्ति स्वास्थ्य शिविर, साझेदारी सरकार (पाटनरसिप गभर्नेन्स), स्व मूल्याङ्कन (लिजा) मा अग्रणी अंक प्राप्ति, विकसित देशका नगरसँग भगिनी सम्बन्ध स्थापना गरी अनुभव र सहयोग जुटाउने आदि उदाहरणीय र प्रशंसा योग्य काम गरेका छन् । उपभोक्ता समितिले गर्ने काममा नेपाली भाषामा लागत अनुमान र प्राविधिक मूल्याङ्कन, स्थलगत रुपमा सम्झौता गरी गाउँ-गाउँमा सिंहदरबारको अनुभूति दिलाएका पनि छन् । केहि जनप्रतिनीधिले पारिश्रमिकबाट पाउने रकम विपन्न जनताको शिक्षा, स्वास्थ्य, जीविकोपार्जन जस्ता कार्यमा सहयोग स्वरुप दिएका पनि छन् ।

स्थानीय तहलाई नेपालको संविधानको धारा २५१ मा ५ ठाउँमा स्थानीय सरकार भनेर लेखिएको छ । स्थानीय सरकारले जनताका दैनिक सुविधा पुरा गर्न सामर्थ्यता भने पुष्टि गर्न बांकि नै छ । २०७४ को निर्वाचनमा स्मार्ट सिटी, फ्रि वाइफाइ सहितका पार्क,मनोरेल बनाउछु भनेर भनेका र त्यस्तै खालका निरन्तर अनेक वाचा हावादारी गफमा परिणत भएर हो अथवा बढी सुविधा भोगी र अधिकारको सहि सदुपयोग गरेको नदेखेर हो गाउँ-गाउँमा राजा भनेर आलोचना हुँदैछ । यसको समीक्षा गर्ने बेला भए जस्तो लाग्छ । नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाका सदस्य (नगर प्रमुख, गाउँपालिका अध्यक्ष, वडा अध्यक्ष समेत) ले पाउने सुविधा प्रदेश कानून बमोजिम हुनेछ भन्ने लेखिएको छ । सुबिधा र तलव एउटै होइन, प्रदेश सभाले तलबभत्ता भनेर बनाएको कानून मिलेन भनेर दायर भएको रिट सर्बोच्च अदालतले सदर गरिदिए पछि प्रदेश सभाले कानून संशोधन गरे । पाउँने सुविधा भनेर यातायात, ईन्धन,सञ्चार आदि शीर्षक तोकि दिए, तर तलब बराबर नै हुने गरी । संविधानको प्रावधानसँग बाझिने कानून अमान्य हुन्छ । घुमाउरो बाटो वा जस्केला ढोकाबाट बनाइने अमान्य कानूनलाई बिधि शास्त्रले कलरेबुल लेजिस्लेसन (रंगीन कानून) भन्छ । निरङ्कुस शासकले यस्ता रंगीन कानून बनाउछन् भनेर बिधि बेत्ताले भन्ने गर्दथे । वास्तवमा २०७४ सालमा स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुनेले अहिले पाउने जस्तो तलबको आशानै गरेका थिएनन् । बैठक भत्ता र केहि अन्य भत्ता मात्र सुविधाको रुपमा पाइएला भन्ने थियो । प्रदेश सभा गठन नहुँदासम्म चित्त बुझाएका थिए । एक वर्ष सम्म साच्चिकै समाजसेवी थिए । पछि आएर निर्वाचित कर्मचारी भए । संघ र प्रदेशमा प्रतिनिधि हुन दावी गर्नबाट रोक्ने धेयले सुविधाको सट्टा आकर्षक तलवको प्रायोजन गरियो । यसले नेता व्यवस्थापनमा सहज भयो ।

स्थानीय सरकारमा काम गर्ने कर्मचारीले जनप्रतिनीधिसँगको निगरानीमा दैनिक काम गर्नुपर्ने भएकाले कि त खटपट र अपजस भोगे कि त कर्मचारी पनि जनप्रतिनीधि जस्तै हुन पुगे । कि त जनप्रतिनीधि पनि कर्मचारी जस्तै भए । अरु कार्यालयमा काम गर्ने कर्मचारी तालुक वाला मन्त्रालय, विभागका हाकिमसँग उत्तरदायी हुँदा पुग्ने भयो, तर स्थानीय तहमा खटिनेलाई एउटै सेवा, समुह, श्रेणी र पदका भएपनि तत्काल जनप्रतिनिधिसँग पनि उत्तरदायी हुनु पर्दा थप जागिरे कला चाहिने भयो । जनप्रतिनीधिको पालिकाको काम त छ नै, कर्मचारी प्रशासन पनि गर्न थाले, राजा जस्तै हुन खोजे भनेर पीडित कर्मचारीले भनेको एक कान,दुई कान मैदान भयो । त्यत्तिमै राजा जस्ता भए भनेका हुन कि ? हुन त कर्मचारी पनि सुविधा भोगी, काम ठग्ने, नतिजा नदिने, ढिलासुस्ती गर्ने, जनताका सेवक भन्दा मालिक बन्न खोज्ने आरोपबाट मुक्त छैनन् । स्थानीय तहको पहिलो निर्वाचन भएको केहि समय कर्मचारी जनप्रतिनिधिका गुरु पनि बने । आफैले सिकाएकालाई किन मान्ने भन्ने समेत मानसिकताका कर्मचारी पनि देखियो । कति कर्मचारीले त पालिका प्रमुखलाई दाई, उप प्रमुखलाई दिदी भन्छन् अहिले पनि । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिका प्रमुखलाई स्थानीय वार्षिक बजेट सिलिङ् पक्षेपण समितिको संयोजक, सभाको सभामुख, सभाको निर्णय प्रमाणित गर्ने र कार्यपालिका बैंठकको अध्यक्षता गर्ने अधिकार र जिम्मेवारी दिएको छ । सभाबाट पारित वार्षिक नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाईलाई सात दिन भित्र अख्तियारी दिने, पालिका प्रमुखको प्रत्यक्ष निर्देशन र सम्पर्कमा रहि प्रमुख प्रशासकीय अधिकृतले निर्णय कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । अर्थात् स्थानीय सरकारको कार्यकारी प्रमुख, विधायिकी प्रमुखको रुपमा पालिका प्रमुखलाई अधिकार दिएको छ । पालिका उप प्रमुखलाई न्यायिक समितिको संयोजक, राजस्व अनुमान समितिको संयोजक, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक, कार्यक्रम अनुगमन समितिको संयोजकको अधिकार र जिम्मेवारी तोकेको छ । वडाका ३५ प्रकारका काम वडा अध्यक्षले नै गर्नु पर्ने गरी अधिकार र जिम्मेवारी तोकिएको छ । वडा अध्यक्ष पालिका सभाको सदस्य, कार्यपालिका सदस्य, वडाको कार्यकारी प्रमुख समेत हुँदा वडा अध्यक्षलाई भ्याई नभ्याई छ । दैनिक वडामा उपस्थित हुनुपर्ने बाध्यता छ । अति व्यस्तता छ । कर्मचारी भन्दा बढी खटिनु पर्छ उनीहरु । उनीहरुले मोटरसाइकल चढ्यो भनेर ईर्ष्या गर्ने पनि छन् । वास्तवमा तलव सुविधा पाउन पर्ने जनप्रतिनिधि वडा अध्यक्ष हुन् । पालिका प्रमुख र उप प्रमुख बैठकमा र अत्यावश्यक बाहेक सधैं दैनिक उपस्थित नहुँदा पनि हुने देखिन्छ  तर अधिकांश प्रमुखहरु दैनिक प्रशासनिक काममा सरिक हुने, चिठी पत्रमा तोक लगाउने, भुक्तानीका निवेदनमा तोक लगाउने, माग फाराम र खरिद आदेश स्विकृत गर्ने, कर्मचारी प्रशासन र आर्थिक प्रशासन गर्ने गरेका छन् । केहि बाठा कर्मचारीले जोखिमबाट जोगिएला कि भनेर जुक्ति निकालेर भुक्तानीका टिप्पणी प्रमुखबाट निर्णय गराउन थालनी गरे । त्यस पछि प्रमुख प्रशासकीय अधिकृत पालिका प्रमुखका असिस्टेण्ट जस्ता भए । जबकि लागत अनुमान स्विकृत गर्ने, मूल्याङ्कन स्विकृत गर्ने, भौचर स्विकृत गर्ने, चेकमा सहि गर्ने अधिकार जनप्रतिनीधिलाई छैन ता पनि उनकै निगरानीमा मात्र यस्ता कार्य गर्नु पर्ने बाध्यता कर्मचारीलाई आइलाग्यो । अझ उपभोक्ता समिति गठन, टेण्डर प्रक्रिया जस्ता खरिद कार्यमा हस्तक्षेप पनि छ । हस्ताक्षर गर्ने कर्मचारी तर प्रमुखले भने बमोजिम गर्नु पर्ने हुँदा यदाकदा कर्मचारीले अपजस पनि पाएका छन् । धेरै प्रशासकीय अधिकृतको प्रमुख हुने हुँदा गाउँ, नगर कार्यपालिका कार्यालयको हाकिमलाई प्रमुख प्रशासकीय अधिकृत पदनाम दिइएको हो  तर कतिपय ठाउँमा उ भन्दा अरु कर्मचारीको बोलवाला छ । उसले भनेको भन्दा अरु कर्मचारीले भनेको ठिक लाग्छ पालिका प्रमुखलाई । उसले कार्यालय प्रमुख हुँ भन्ने अनुभूति गर्न सक्दैन । सार्वजनिक रुपम पनि उसलाई कार्यालय प्रमुखको रुपमा व्यवहार गरिदैन । पालिका प्रमुखको असिस्टेन्ट जस्तो नै गरिन्छ । प्रमुख र उप प्रमुख बीच अधिकार प्रयोगमा झगडा रहेछ भने त प्रमुख प्रशासकीय अधिकृत उप प्रमुखको पनि आखि बन्छ । प्रमुख र उप प्रमुखलाइ खुसी पार्न सके कार्यकाल टिक्यो नत्र सरुवा । प्रमुख र उप प्रमुख गुटका बीच कुरा नमिल्दा उप प्रमुख गुटले अख्तियार दुरपयोग अनुसन्धान आयोगमा उजुरी हाल्छन्, जुन उजुरी ९९.९९ प्रतिशत झुट्टा हुन्छन् । उजुरीका चाङ बढाएर स्थानीय तहमा भष्ट्राचार छ भन्ने आफ्नो बदनाम आफै गर्छन् । त्यही भित्रकै 'लाभ' नपाउने कर्मचारी वाचडक बनिरहेका हुन्छ र उसले गर्ने उजुरीमा धेरै सत्यता हुन्छ । स्थानीय तहका जनप्रतिनीधि वा कर्मचारी बिरुद्ध पर्ने वेनामी वा छद्मनामी उजुरी त्यही भित्रकैले गरेका हुन भनेर सहजै अनुमान लगाउन सकिन्छ । 'चित्त' नबुझ्दा पत्रकारले वेथिति भयो भनेर समाचार बनाएका आधारमा ग्रहण गर्ने उजुरीमा पनि पुरै सत्यता हुँदैन । आफुलाई समेत निमन्त्रणा भएको पालिकाको सार्वजनिक महत्वको कार्यक्रमा पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख त्यस समय कार्यकक्षमा हुँदैनन् भन्ने बुझेकाले चित्त नबुझेको झोकमा भिडियो बनाएर अफिस खाली भनेर टिभिको मुख्य समाचारमा बजाउँदा तालुक निकायको सोधखोजमा जवाफ दिनु परेका घटना पनि हुन्छन् ।

***(लेखक कानून, राजनीतिशास्त्र, जनप्रशासनका विद्यार्थी र पूर्व कर्मचारी समेत हुन् ।)***

***(...बाँकी अर्को अंकमा)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ। | **तुला** :मिहिनेतले दिगो फाइदा दिलाउनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। |
| **वृष** :स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। | **वृश्चिक** :समयमा हक दाबी गर्न नसक्दा कम मात्र लाभांश प्राप्त हुनेछ। |
| **मिथुन** :विशेष निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। | **धनु** :विशेष अवसरले प्रसन्नता दिलाउनेछ सहयोगीहरूको साथले काममा जगाउनेछ। |
| **कर्कट** :प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। | **मकर** :भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। |
| **सिंह** :समय दिन नसकिए पनि अध्ययनको नतिजा राम्रो आउनेछ। | **कुम्भ** :श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ। |
| **कन्या** :परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोऱ्याउनुपर्ने हुन सक्छ। | **मीन** :पुराना कामको चर्चा हुनेछ र नयाँ काम गर्ने अवसर जुट्नेछ। |

बाल बाटिका

नीति कथा

# अनमोल सन्देश




सेवा गर्न र सहयोग गर्न धन नै हुनुपर्छ भन्ने छैन । हिजोआज त यसका लागि पदको समेत खोजी गर्ने गरिन्छ । सेवा गर्नकै लागि पद चाहिएको भनिन्छ र यसैका लागि मरिहत्ते गरिन्छ । यो त झन् बेतुकको कुरा हो । सेवा गर्न धन चाहिन्न । मन भए धर्म कर्म पनि हुन्छ, सेवा पनि हुन्छ । धनले तन जित्न सके पनि मन जित्न सक्दैन तर मनले भने त्यही मनलाई पनि सहजै जित्न सकिरहेको हुन्छ ।

धेरै पहिलेको कुरा हो । गर्मीको दिन थियो । मानिसहरू निकै कष्टले बसमा यात्रा गरिरहेका थिए । त्यतिबेला अहिलेको जस्तो बढी यातायातको साधन पाइँदैनथ्यो । गाउँमा एकाध घण्टामा एउटा बस चल्थ्यो । सबैलाई त्यसैबाट काम चलाउनुपर्ने हुन्थ्यो, जसले गर्दा बसमा निकै भीड हुने गथ्यो । त्यस्तै परे खुट्टा राख्ने ठाउँसम्म पाइन्नथ्यो । एक जना गरिब अधवैंशे महिला सोही बसमा यात्रारत थिइन् । सायद सुरुबाटै चडेकीले होला उनले भने सिट पाएकी थिइन् । अघिल्लो स्टेसन पुगेपछि एउटी शिक्षिका चढिन् । देख्दा उनी निकै सम्पन्नजस्ती लाग्थिन् । यताउता हेरिन् सिट खाली नदेखेर खुइय गर्दै मुख बङ्याइन्, नाक खुम्च्याइन् । उनको अवस्था देखेर अधवैंशे गरिब महिलाले विनम्रतापूर्वक भनिन्-

सेवा गर्न धन चाहिन्न । मन भए धर्म कर्म पनि हुन्छ, सेवा पनि हुन्छ । धनले तन जित्न सके पनि मन जित्न सक्दैन तर मनले भने त्यही मनलाई पनि सहजै जित्न सकिरहेको हुन्छ । धेरै पहिलेको कुरा हो । गर्मीको दिन थियो । मानिसहरू निकै कष्टले बसमा यात्रा गरिरहेका थिए । त्यतिबेला अहिलेको जस्तो बढी यातायातको साधन पाइँदैनथ्यो । गाउँमा एकाध घण्टामा एउटा बस चल्थ्यो । सबैलाई त्यसैबाट काम चलाउनुपर्ने हुन्थ्यो, जसले गर्दा बसमा निकै भीड हुने गथ्यो । त्यस्तै परे खुट्टा राख्ने ठाउँसम्म पाइन्नथ्यो । एक जना गरिब अधवैंशे महिला सोही बसमा यात्रारत थिइन् । सायद सुरुबाटै चडेकीले होला उनले भने सिट पाएकी थिइन् । अघिल्लो स्टेसन पुगेपछि एउटी शिक्षिका चढिन् । देख्दा उनी निकै सम्पन्नजस्ती लाग्थिन् ।

'आउनुस् म्याडम यहाँ बस्नुस् ।'

यति भनेर उनले आ्नो सिट छाडिदिइन् । शिक्षिका धन्यवाद दिँदै सिटमा बसिन् । अधवैंशेले मुसुक्क हाँस्दै सन्तोषको सास फेरिन् । अघिल्लो स्टेसनमा शिक्षिका सँगै बसेका यात्री ओर्ले । शिक्षिकाले उनलाई बस्न आग्रह गरिन् तर उनले ठिक छ म्याडम केही छैन भन्दै एउटी बच्चा लिएर भरखरै चढेकी महिलालाई बसाइन् ।

फेरि अघिल्लो स्टेसनमा पुग्दा नजिकैको अर्को सिट खाली भयो । शिक्षिकाले पुन उनैलाई बस्न आग्रह गरिन् तर उनले भने अहिले पनि आफू नबसी अघिदेखि लट्ठी टेकेर उभिरहेका एक वृद्ध मानिसलाई बस्न आग्रह गरिन् । एवंरीतले बस चलिरह्यो । कुनै न कुनै सिट खाली हुँदै गयो तर उनले भने त्यसैगरी यस्तै अत्यावश्यक पर्नेलाई बसाएर आफू खडा रहिन् । निकै पर पुगेपछि बसका यात्री प्राय: सबै झरे । सायद बस गन्तव्य पुग्नै लागेको थियो होला । चढ्ने मानिस पनि खासै रहेछन् । त्यसपछि शिक्षिकाले उनलाई आफैं नजिकको सिटमा बसाउँदै भनिन्- 'अघि नै देखि उभिँदै आउनुभएको छ । थकाइ पनि लागेको होला, गोडा पनि दु:खेको होला तर तपाईं भने खाली सिटमा समेत आफू नबसी अरूलाई बसाउँदै आउनुभएको छ । यसको कारण के हो ?'

उनको कुरा सुनेर अधवैंशेले मुस्कुराउँदै भनिन्-

'म्याडम ! म एउटी मजदुर महिला हुँ । मेरो साथमा तपाईहरूको जस्तो धन छैन ताकि दनधर्म गर्न सकौं । त्यसैले यस्तै कर्म गर्ने गरेको छु । कहिले बाटोघाटोको सरसफाइ गर्छु । कहिले यस्तै आवश्यक पर्नेलाई आफूले बसेको सिट छाडेर सकेको सहयोग गर्ने गरेको छु । खान बसेको बेला अगाडि कीरा कमिला तथा पशुपक्षी जे भेटिन्छन् तिनीहरूलाई आफ्नो खानाबाट अलिकति निकालेर उनीहरूलाई खुवाएर मात्र आफूले खाने गरेको छु । यसो गर्दा उनीहरूको मनमा जुन खुसी पाउँछु । त्यसैबाट आफूले आनन्द लिने गरेको छु । थाहा छैन अघिल्लो जन्ममा कुन पाप गरेको रहेछु । जसले गर्दा यस जन्ममा यति बढी दु:ख पाएकी छु । अब म चाहन्छु अर्को जन्म पनि यस्तै नहोस् । त्यसैले यस्तै सेवापरक कर्म गरेर मृत्यु सुधार्ने प्रयास गर्दै आएकी छु ।' उनको कुरा सुनेर शिक्षिका अवाक् भइन् । एक अनपढ महिलाले जुन शिक्षा दिएकी थिइन् त्यो कुनै विश्वविद्यालयबाट पाइने डिग्रीको भन्दा बढी थियो । त्यसपछि ती सम्पन्न शिक्षिकाले पनि त्यस्तै गर्न लागिन् । धेरै पहिलेदेखि पढ्दै र सुन्दै आएको यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर सेवा गर्न पद, पैसा र अवसर चाहिन्न भन्ने कुरा भने सत्य हो । **-रातोपाटी डटकम**

निबन्ध — अजित धिताल

# हजुरको सपना के थियो बुबा ?



*"जब बुबाले सन्तानलाई केही दिन्छन् तब बुबा र सन्तान दुबै हाँस्छन् । तर जब सन्तानले बुबालाई केही दिन्छन् तब बुबा र सन्तान दुबै रुन्छन् ।" - विलियम शेक्सपियर*

असत्य ब्राह्मणको एक सत्य जीवन शास्त्रको नाम हो, बुबा । जहाँ प्रेम, करुणा, माया, सन्तानको रुचि, रिस, दण्ड, अधिकार सबै विषयको पूर्ण पाठ छ, पूर्ण ज्ञान छ । यी सबै विषयको पूर्ण पाठ बुबा आफ्ना लागि हैन, आफ्नो सन्तानका लागि प्रयोग गर्नुहुन्छ । जब सन्तान मुस्कुराउँछ तब बुबा मुस्कुराउनु हुन्छ तर सन्तानको मुहारमा मुस्कान छैन भने बुबा फेरि घोत्लिनु हुन्छ, बुबा जीवन शास्त्रको पूर्ण पाठमा । सामान्यतया हाम्रो समाजमा बुबा भनेको वंश दिने भन्ने बुझिन्छ । बुबा वंश दिने मात्र न भएर संरक्षण प्रदान गर्ने, शैक्षिक विकासमा सहयोग गर्ने, प्रोत्साहन गर्ने, उपयुक्त हेरचाह गर्ने, सुन्दर भविष्यको मोडेल तयार गर्ने जस्ता हाम्रो जीवनको महत्त्वपूर्ण पक्षको सारथि हुनुहुन्छ ।

सामान्यतया हाम्रो समाजमा बुबा भनेको वंश दिने भन्ने बुझिन्छ । बुबा वंश दिने मात्र न भएर संरक्षण प्रदान गर्ने, शैक्षिक विकासमा सहयोग गर्ने, प्रोत्साहन गर्ने, उपयुक्त हेरचाह गर्ने, सुन्दर भविष्यको मोडेल तयार गर्ने जस्ता हाम्रो जीवनको महत्त्वपूर्ण पक्षको सारथि हुनुहुन्छ । मेरो परिवारको परिवार हो, बुबा । त्यो परिवारको घर हो बुबा, जग हो बुबा, जगको ढुङ्गा हो बुबा, थामिदिने थाम हो बुबा, आफैं पानीमा रुझेर परिवारको छाता बनिदिने छाना हो बुबा । त्यसैले बुबा, सन्तानको आशा र भरोसा हो ।

मेरो परिवारको परिवार हो, बुबा । त्यो परिवारको घर हो बुबा, जग हो बुबा, जगको ढुङ्गा हो बुबा, थामिदिने थाम हो बुबा, आफैं पानीमा रुझेर परिवारको छाता बनिदिने छाना हो बुबा । त्यसैले बुबा, सन्तानको आशा र भरोसा हो । सुन्दर भविष्यको सारथी हो । आजको भोटो, बाजा बज्ने जुत्तादेखि भोलिको पाइला पाइलाको मिल्ने साथी हो । आत्मैदेखि आत्ममोह भएर पनि व्यक्त गर्न न सकिने मोहको पात्र हो । बुबाको नजिककी पात्र हो आमा । आमा, टोलटोलका गीतमा भेटिन्छिन् । कविका कवितामा भेटिन्छिन् । हरेक दिन लेखिने निबन्धमा भेटिन्छिन् । कथामा भेटिन्छिन्, काहनीमा भेटिन्छिन् । तर बुबा यो शब्द, बुबाका आँखामा लुकेका आँसु जति पनि भेटिँदैनन् । हामी सधैं घरमा आमाको कुरा गर्छौं । तर खेतमा एक्लै कोदाली चलाउने बुबाको कुरा कहिले गर्दैनौं । आमा पकाएर दिनुहुन्छ तर बुबा पकाउने समानको जोहो गर्नुहुन्छ । आमाले भान्सामा बगाएको पसिनाको कथा "अहो गाह्रो" भन्दै सुनायौं तर बाबाले खेतको आलिमा बगाएको पसिना आलीसँगै खेतमै सुक्यो ।

आमाले दाउरा फुक्दै खाना बनाएको देख्यौं, आगोले पोलेको देख्यौं तर बुबाले वनबाट दाउर ल्याएर चिरेको र दाउरा चिर्दा हातमा उठेको फोका आफैं सुम्सुम्याएको देखेनौं । आमाले सन्तानको लागि टाइ किन्न दिएको पैसा देख्यौं तर त्यही पैसा आमालाई बुबाले दिएको देखेनौं । त्यही आमालाई दिएको पैसाका लागि बुबाले साहुको काम गरेर बगाएको पसिना देखेनौं । किनकि बुबाले त्यो पसिना बोकेर कहिले घर फर्किनु भएन, सन्तानका अघि पर्नु भएन । आमा र बुबा दुबैको समन्वयमा मात्र सन्तान असल सन्तान हुन्छ भनिन्छ । तर समाजको हिसाब किताबमा आमा लेखिन्छ, देखिन्छ तर बुबा न लेखिन्छ न देखिन्छ । हुन त, महत्त्वपूर्ण र महान् विषयमा कम लेखिन्छन् । सायद बुबा त्यही कम लेखिने महान् विषय हुनुहुन्छ । आमाको पनि त अभिमान र स्वाभिमान हुनुहुन्छ बुबा । बुबा कर्म गर्नुहुन्छ, प्रतिस्पर्धा गर्नुहुन्नु । बुबा काम गर्नुहुन्छ, धेरै बोल्न हुन्न । सन्तानलाई पाइला देखाउनु हुन्छ, सपना देखाउनु हुन्न । हिँड्न सिकाउनु हुन्छ तर आफू अघिअघि हिँड्नु हुन्न । आफू अघि लाग्नै परे आफ्नो कान्छी औंला कहिल्यै छोड्न दिनुहुन्न । बुबाको त्यो कान्छी औंलामा केको शक्ति छ कुन्नि ! कोशौंको बाटो नजिक लाग्छ, एक्लोपन संसार लाग्छ, आफू एक हैन कयौं भएको महशुस हुन्छ ।

बुबा जित्नका लागि हौसला दिनु हुन्छ तर आफैं भने जितको हिस्सा हुन चाहनु हुन्न । बुबा हार्दा हार्नु जित हो भन्नु हुन्छ तर जित नै हार्नु भनेर सिक्न बुबालाई नै पढ्नु पर्ने रहेछ । बुबा आफ्नो पीडा खै कसरी सहनु हुन्छ ! सधैं सन्तानकै पीडाको कुरा गर्नु हुन्छ । लाग्छ, बुबा बुबा भएर हैन सन्तान भएर बुबाको रूपमा बाँच्नु हुन्छ । बुबा सधैं सन्तानसँग हार्नु हुन्छ तर हारको उपहारमा मुस्कान देखाउनु हुन्छ । कहिलेकाहीँले त लाग्छ, बुबाको आँखाको डिलमा बालुवाको थुप्रो छ, जहाँ पानीरूपी अश्रुका मोतीहरू सन्तानले देख्नै नपाई बिलाउछन् । सन्तानको आसाको घुम्टो ओढेर चहार्दा चहार्दै चम्किला आँखा गहिरो परे, फुक्क परेका गाला चाउरिए, बाक्लो कपाल नाम्लोले तल-माथि सरेर लुछ्यो तर मुहारमा सन्तोष छाएन । किनभने आज सन्तान, सन्तानले नै देखेको बाटोमा सफल भएको छैन । तैपनि बुबा मरिमेट्नु हुन्छ, भन्नुहुन्छ, "छोरा चिन्ता नली । छोरी चिन्ता नलेऊ । एक दिन अवश्य पूरा हुन्छ तिम्रो सपना ।" तर सन्तान भएर म कहिले सोध्न सक्दिनँ, "हजुरको सपना के थियो बुबा ?"

अन्त्यमा, बुबाले हामीलाई गर्भास्थादेखि नै दिएको माया, प्रेम, संस्कार, शिक्षा, सही मार्गदर्शन, सुरक्षा, अप्रदर्शित माया, त्यो काँधको जिम्मेवारीको कदर गर्न सक्छौं होला ? मेरो यस संसारमा सबैभन्दा नजिकको साथी, विश्वास गर्ने व्यक्ति नै मेरो बुवा हुनुहुन्छ । उहाँको पेट भोको किन नहोस् तर उहाँले पहिला "बाबू खाना खाइस् ?" भनेर सोध्नु हुन्छ । आफू खेतमा दिनभर काम गरेर घर फर्किएको किन नहोस्, घर आउनेबित्तिकै सोध्नु हुन्छ, "आज तँलाई काठमाडौँदेखि आउँदा गाह्रो त भएन नि ?" आफूले आफूलाई नै थाहा नदिई आफू बेचेर सन्तान हुर्काउनु भयो तर आफ्नो ईमान बेचेर क्षणिक खुसीको प्रयास कहिल्यै गर्नुभएन । मलाई आफ्नो प्राण रहुन्जेल आफ्नो प्राणदाताको गुणगान गाउन मन छ, लेख्न मन छ, कथा भन्न मन छ ।

**-साहित्यपोष्ट डटकम**


कविता

## मेरो घर

कमेरले लिपेको मेरो सानो घर छ ।
रमाइलो गाउँमा सहर भन्दा पर छ ।

झ्यालढोका काठको भित्ता ढुङ्गा माटाको
सुत्ने कोठा सानो छ, माथि घरको छानो छ

सानो सानो भए नि ताजमहल जस्तो छ
भन साथीहरु मलाई तिम्रो घर कस्तो छ ।
धन्यवाद !



*कृष्टिना आचार्य*
*कक्षा-१*
*सगरमाथा सेकेण्डरी बोडिङ्ग स्कुल*
*देवदह-७, शित्तलनगर, रुपन्देही*

# पाल्पाको पूर्वखोलामा देखियो मलेरिया

कृष्ण पोखरेल




**पाल्पा,** असोज १०/जिल्लाको पूर्वखोला गाउँपालिकामा मलेरिया देखा परेको छ । विगतमा तराइमा लामखुट्टेको टोकाइबाट लाग्ने मलेरिया बिस्तारै लामखुट्टे उकालो लागेसँगै पहाडी जिल्ला पाल्पामा पनि देखिन थालेको हो ।

पूर्वखोला गाउँपालिका-३ का १५ बर्षीय किशोरमा मलेरिया रोग देखिएको छ । यहाँ मलेरिया रोग पुष्टि भएपछि त्रास छाएको छ । ति किशोरमा मलेरिया अन्य मानिसबाट सरेको नभई सोही स्थानमै लामखुट्टेको टोकाईबाट देखिएको जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. राजेन्द्र गिरीले बताए । सक्रमित किशोरको स्थानीय स्वास्थ्य चौकीमा असोज ५ गते परीक्षण गरी मलेरिया भएको पत्ता लागेपछि पुन: जिल्ला अस्पताल तानसेनमा परीक्षण गरी पुष्टि गरिएको थियो । निजलाई नि:शुल्क रुपमा उपचारको व्यवस्था गरिएको छ । संक्रमित किशोरले १७ दिनसम्म औषधी सेवन गर्नुपर्ने छ । स्थानीय रुपमा मलेरिया पुष्टि भएपछि जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले मलेरिया रोग सक्रमण पुष्टि भएका किशोरको घर वरपरका ५० घरका ९८ जनाको स्कानिङ्ग गरिएको ल्याव टेक्निसियन मधु सुदन भट्टराईले बताए । ९८ जनाको पहिलो परीक्षण गरेपनि पुन: दोस्रो परीक्षण गरिने कार्यालयले जनाएको छ । किशोरको स्वास्थ्यमा सुधार हुँदै गएको गएको छ । जिल्लामा आयातित रुपमा नभई स्थानीय रुपमा ८ बर्ष पछि मलेरिया देखिएको हो ।

**यस्ता छन् लक्षण**

मलेरिया एनाफिलिज नामक लामखुट्टेबाट सर्छ । मलेरियाको मुख्य कारण 'प्यारासाइट प्लास्मोडियम'लाई पनि मानिन्छ । पाँच वर्षमुनिका बालबालिका, गर्भवती र दीर्घरोगी मलेरियाको जोखिम समूह हुन् । टाउको दुख्नु, बान्ता आउनु, ज्वरो आउनु यसका प्रमुख लक्षण हुन् । यसबाट बच्न झुल लगाएर सुत्ने, पानी जम्ने घर नजिकका खाल्डाखुल्डी पुर्ने, घर नजिकमा हुने झारी हटाउने, घरभित्र धुप बालेर झुल लगाएर मात्र सुत्ने र नांगो शरीर रहने गरी हिडडुल नगर्ने जस्ता उपायहरु अपनाउन स्वास्थ्यकर्मीहरुले स्थानीयलाई आग्रह गरेका छन् । उच्च ज्वरो आउने बित्तिकै तत्काल स्वास्थ्य संस्थामा जान पनि अपिल गरिएको छ । आयातिति रुपको मलेरिया भने गत बर्ष ६ जना र यस बर्ष २ जनामा सक्रमण देखिएको छ । सरकारले सन २०२५ भित्र नेपालबाट मलेरिया रोग उन्मुलन गर्ने लक्ष्य लिए पनि दिनहुँ मलेरियाका विरामीहरु बढ्दै गएपछि सरकारको लक्ष्यमा चुनौती थपिएको छ । पाल्पामा लामखुट्टेको टोकाईबाट हुने रोगीको संख्या बढ्दै गएको छ । पाल्पामा डेंगी रोगबाट चालु आर्थिक बर्षमा ३ जनाको मृत्यु भईसकेको छ भने २ सय ९१ जना सक्रमित भएका छन् । लामखुट्टे तथा भुसुनाको टोकाईबाट १ सय ८४ जनामा स्कर्ब टाइपस सक्रमण भएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ ।

# आज सूचनामा विश्वव्यापी पहुँचको दिवस मनाइँदै




**पाल्पा,** असोज १०/आज विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी सूचनामा विश्वव्यापी पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाइँदै छ । सन् २०१५ मा युनेस्कोको साधारणसभाले सूचनामा विश्वव्यापी पहुँच आवश्यक मान्दै यसलाई पारित गरेपछि हरेक वर्ष सेप्टेम्बर २८ का दिन यो दिवस मनाइँदै आएको हो ।

संयुक्त राष्ट्र संघीय महासभाको बैठकले भने सन् २०१९ अक्टोबर १५ का दिन यसलाई पारित गरेको हो, तर २१ औं शताब्दीमा आइपुग्दा पनि कयौं मुलुकका जनताको सुसूचित हुन पाउने अधिकारको सम्मान गर्न नसक्नुले राष्ट्र संघका लागि त चुनौती हो नै, सभ्य र विकसित समाज निर्माणका लागि अघि बढेका भनिएका विकसित मुलुकहरुको प्रयास पनि पर्याप्त देखिएन । राष्ट्र संघद्वारा घोषित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा-१९ ले हरेक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रता हुनेछ र आफूले चाहेको बेलामा विनाअवरोध आवश्यक सूचनाको खोजी, प्राप्ति र प्रेषणको अधिकार हुनेछ भन्ने उल्लेख हुनुले सम्पूर्ण मुलुकका सम्बद्ध नागरिकका लागि यो महत्वपूर्ण संवैधानिक प्रावधानका रुपमा स्थापित छ । त्यसैले राष्ट्र संघका बाँकी सदस्य मुलुकहरुलाई पनि सूचनाको हकसम्बन्धी कानुन निर्माणमा बाँकी विश्वले पहल गर्नु आवश्यक छ । नेपालको सन्दर्भ उल्लेख गर्नुपर्दा संविधानका केही धाराले व्यवस्था गरेको सूचना सम्बन्धी कानुनी प्रावधानलाई उद्धृत गर्नु आवश्यक हुन्छ । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा २७ ले सूचनाको हक सम्बन्धी व्यवस्था गरेको छ । यो धाराले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर, कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । यस धाराका प्रावधान र बन्देजलाई अक्षरश: पालना गर्ने हो भने सन्तुलित नै हुनसक्छ तर स्वेच्छामा छोडिदिने हो भने सूचना प्रदायक निकाय र सूचना माग गर्ने नागरिकहरुको सम्बन्ध अनपेक्षित रुपमा शत्रुतामा पनि परिणत हुनसक्छ ।

खेलकुद समाचार

## नेपालको क्रिकेटमा विश्व कीर्तिमानी जित



**काठमाडौं,** असोज १०/ नेपालले १९ औं एसियाली खेलकुद अन्तर्गत क्रिकेटमा विश्व कीर्तिमानी जितसहित मंगोलियालाई २ सय ७३ रनको फराकिलो अन्तरले हराएको छ । जितका लागि ३ सय १५ रनको लक्ष्य पछ्याएको मंगोलिया १३ ओभर एक बलमा ४१ रनमा अलआउट भयो ।

नेपालको यो जित टि-२० इतिहासकै सबैभन्दा ठूलो जित हो । यसअघि सन् २०१९ मा चेक रिपब्लिकनले टर्कीलाई २ सय ५७ रनको अन्तरले हराएको थियो । मंगोलियाका दावासुरेनले १० रन बनाउनुबाहेक अन्य कुनैपनि खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका करण केसी, अभिनाश बोहरा र सन्दीप लामिछानेले समान दुई विकेट लिए । सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेलले एक/एक विकेट लिए । त्यसअघि चीनको हान्झाउमा टस हारेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै ३ सय १४ रन बनायो । टी-२० खेलमा पहिलो पटक ३ सयभन्दा माथि रन बनेको हो । कुशल मल्ल र दीपेन्द्र सिंह ऐरीको विश्व कीर्तिमानी ब्याटिङमा नेपालले उच्च स्कोर बनाएको हो । कुशल मल्ल ५० बलमा १ सय ३७ रनमा र दीपेन्द्रसिंह ऐरी १० बलमा ५२ रनमा अविजित रहे । कुशलले ३४ बलमै शतक प्रहार गरेका थिए । योसँगै कुशल टी-२० मा सर्वाधिक छिटो शतक प्रहार गर्ने खेलाडी बनेका छन् । यसअघि भारतका रोहित शर्मा, दक्षिण अफ्रिकाका डेविड मिलर र चेकरिपब्लिकनका सुदेश विक्रमशेखरले समान ३५ बलमा शतक हानेका थिए । नेपालका दीपेन्द्र सिंह ऐरी सर्वाधिक छिटो अर्धशतक प्रहार गर्ने खेलाडी बनेका छन् । उनले ९ बलमै अर्धशतक प्रहार गरे । यसअघि टी-२० मा सर्वाधिक छिटो अर्धशतक भारतीय खेलाडी युवराज सिंहले सन् २००७ मा इंग्ल्यान्डसँगको खेलमा १२ बलमै पूरा गरेका थिए । ऐरीले अन्तर्राष्ट्रिय कुनै पनि खेलमा सर्वाधिक छिटो अर्धशतकको कीर्तिमान बनाएका हुन् । उनले १९ औं ओभरको अन्तिम पाँच बलमा लगातार पाँच छक्का हाने । नेपालबाट यसअघि ज्ञानेन्द्र मल्लले १८ बलमा अर्धशतक पुरा गरेका थिए । ज्ञानेन्द्रले सन् २०१२ मा साउदी अरबसँगको खेलमा यो अर्धशतक पूरा गरेका थिए ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## दोहोरो अंकले घट्यो नेप्से



**काठमाडौं,** असोज १०/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकले घटेको छ । बुधबार परिसूचकमा १८ दशमलव ६० अंकले घटेर दुई हजार चार दशमलव ३० अंकमा कायम भएको हो ।

विभिन्न कम्पनीका ७० लाख ६१ हजार चार सय चार कित्ता शेयर रु एक अर्ब ८१ करोड ४३ लाख ५९ हजार २२ मा कारोबार भएका छन् । सबै समूहको उपसूचकमा रातो देखिएको छ । कारोबारमा मनकामना इन्जिनियरिङ हाइड्रोपावर लिमिटेड कम्पनीको शेयर मूल्य नौ दशमलव ९० प्रतिशत, एसियन हाइड्रोपावर लिमिटेडको सात दशमलव ९१ प्रतिशत र मोलुङ हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सात दशमलव ६० प्रतिशतले बढेको छ । साथै लक्ष्मी भ्यालु फण्ड-२ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ भने शुभव पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु सात करोड ६२ लाख २३ हजार सात सय ३२ बराबरको कारोबार भएको छ भने कारोबार भएका शेयर संख्याका आधारमा प्रभु सेलेक्ट फण्डको तीन लाख ८१ हजार पाँच सय ४८ कित्ता शेयर किनबेच भएको छ । कारोबारपछि बजार पुँजीकरण रु ३० खर्ब ३८ अर्ब ६९ करोड ४० लाख ८४ हजार छ सय ९४ पुगेको छ ।

## डेंगीबाट बच्ने उपायहरू :

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यौंरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।



नेपाल सरकार

**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई